# जुम्ला

जिल्ला खाद्य सुरक्षा बुलेटिन
अंक १७

**रिपोर्टिङ्ग अवधि:** श्रावण-कार्तिक (मध्य जुलाइ-मध्य नोभेम्बर २०१३)
**पूर्वानुमान अवधि:** मंसिर-फाल्गुण (मध्य नोभेम्बर-मध्य मार्च २०१४)

## खाद्य सुरक्षा चरण बर्गिकरण नक्सा




## अनुमानित खाद्य असुरक्षित जनसंख्या

| खाद्य असुरक्षित गाविसहरु (चरण ३ र चरण ४) | अनुमानित जनसंख्या (चरण ३ र चरण ४) |
|---|---|
| छैन | सान्दर्भिक छैन |
| जम्मा असुरक्षित जनसंख्या | |
| जिल्लाको जम्मा जनसंख्या (२०११ को गणना अनुसार) | |

स्रोत: जिल्ला कृषि विकास कार्यालय/ जिल्ला खाद्य सुरक्षा सञ्जाल/स्थलगत अवलोकन

## चरण वर्गिकरण सूचकहरु*

| सूचकहरु | गाविस समुहहरु | | |
|---|---|---|---|
| | A | B | C |
| ***क्षेत्रगत प्रभावहरु*** | | | |
| खाद्य उपभोग (खाद्यान्न तथा आहारमा विविधता, खाद्य समूह) | २ | २ | २ |
| तीव्र बाल कुपोषण (६-५९ महिना), समग्र तीव्र कुपोषण दर (Global Acute Malnutrition- GAM) अनुसार दुब्लो (wasting) | ३ | ३ | ३ |
| जिविकोपार्जन परिवर्तन (निर्वाह पद्दती) | १ | १ | २ |
| ***योगदान पुर्‍याउने तत्वहरु*** | | | |
| ***उपलब्धता*** | | | |
| उत्पादन: पहिलो मूख्य बाली ( धान कटानी भएको (A, B and C) | १ | १ | ३ |
| दोस्रो मूख्य बाली ( जौ छरेको (A, B and C) | १ | १ | १ |
| तेस्रो मूख्य बाली ( जौ गहुँ छरेको (A, B and C) | १ | १ | १ |
| घरधुरीहरुमा खाद्य सञ्चयको अवस्था | १ | १ | २ |
| प्रमुख बजारमा मुख्य खाद्यान्नको सञ्चय | १ | १ | १ |
| ***खाद्य पहुँच*** | | | |
| चामल, गहुँको पिठो, र अन्य मुख्य खाद्य बस्तुहरुको बजार मूल्य | १ | १ | १ |
| गाविस भित्र र वरपरका गाविसहरुमा रोजगारीका अवसरहरु | १ | १ | १ |
| आम्दानी: गैह्र काष्ठ वन पैदावार, नगदे/उच्च मूल्य बाली, र साना व्यावसाय | १ | १ | १ |
| आम्दानी: मासु, दुध, अन्डा, माछा, मह | १ | १ | १ |
| विप्रेषण | १ | १ | १ |
| ***खाद्य उपयोग*** | | | |
| रोगव्याधी र माहामारीका घटनाहरु | १ | १ | १ |
| खाने पानीको आपूर्ति र सरसफाई (खुला दिसा मुक्त) | २ | २ | २ |
| ***स्थिरता*** | | | |
| बाहिरी बसासराई (अभावबाट प्रेरीत) | १ | १ | १ |
| मानव सुरक्षा (सामाजीक हिंसा, र बन्द/अवरोध) | १ | १ | १ |
| ***खतराजन्य स्थिति तथा जोखिमता*** | | | |
| जलवायुको जोखिमका घटनाहरु: बाढी, पहिरो, सुख्खा, हिमपात, असिनापात, र हुरीबतास | १ | १ | ३ |
| बिपद: मूकम्प, आगजनी | १ | १ | १ |
| ***समग्र चरण बर्गिकरण*** | १ | १ | २ |
| ***४ महिना अवधिको पूर्वानुमान*** | ▶ | ▶ | ▶ |

* खाद्य सुरक्षामा सामान्य मेल भएको आधारमा गाबिसहरुको समूह बनाईएको छ। हरेक सूचकको वर्गिकरण सन्दर्भ सूचकको परिमाणात्मक माप संग मेल खाएको आधारमा गरिएको छ।

## खाद्य सुरक्षा विवरण

### हालको खाद्य सुरक्षा अवस्था: श्रावण-कार्तिक २०७० (मध्य जुलाई-मध्य नेभेम्बर २०१३)

धेरैजसो घरधुरीहरुले परम्परागत खानपानको रुपमा अन्न र दाल (रोटी र सिमि) को उपभोग गरीरहेका छन्, तर उनीहरुको खानामा विविधता भने छैन। जिल्ला जनस्वास्थ्य कार्यालयको रेकर्ड अनुसार जिल्लामा तिब्र कुपोषण्को दर १० देखी १८ प्रतिशत सम्म रहेको छ। यधपि, यो तथ्यांक बिरामी भएका बच्चाहरु स्वास्थ्य संस्थामा उपचारका लागि आएको तथ्यमा आधारित छ, र यसले समग्र जनसंख्याको प्रतिनिधित्व गर्दैन। जिल्ला जनस्वास्थ्य कार्यालयले जानकारी गराए अनुसार बिशेषत: खराव स्वास्थ्य र सरसफाइको कारण यो उच्च तहको कुपोषणको अवस्था श्रृजना भएको हो (यो मुख्यत खाद्य सुरक्षा संग सम्बन्धित भन्दा फरक कारण हो)। समुह A र B का गाविसहरुमा जिविकोपार्जनका उपायहरु यथावत रहेका छन भने समुह C मा परेका ६ गाविसहरु (हाकु, तातोपानी, लाम्रा, तलियम, कुडारी र रारालिही)मा भने अवस्था बिग्रिएको छ,, जसका कारणले यी गाविसहरु मध्यमस्तरिय खाद्य असुरक्षित (चरण २) अवस्थामा धकेलिएका छन्।

समुह C (चरण २) मा रहेका घरधुरीहरुले पैसा सापटी लिएर र उधारोमा खाद्यान्न खरिद गरेर निर्वाह गरीरकेको जानकारी प्राप्त भएको छ। किनकि उनीहरुसंग आवश्यक मात्रामा खाद्यान्नको संचिती छैन। खासगरी यस क्षेत्रमा मुख्य बर्षेबाली भित्र्याउने बेलामा असिनापातले धानबालीमा ४५ प्रतितशतको हाराहारीमा नोक्सानी गरेको थियो। जसको कारणले गर्दा धेरैजासो घरधुरीमा खाद्यान्नको संचितिमा असर पर्न गई जीविकोपार्जनमा नकारात्मक असर पुर्‍याएको छ। यी गाविसहरुमा गत चैत्र २०६९ र असार २०७० को अवधिमा हावाहुरी असिनापात र चिसोका कारण ठूलो संख्यामा बस्तुभाउको पनि क्षति भई रु २४ करोड ४६ लाख बरावरको (घोडा ३४२, भेडा ४५५, बाख्रा २१५ र गाई ११) नोक्सानी भएको थियो। यधपि, बजारमा खाद्य बस्तुहरुको आपुर्ति भने रहेको छ र खाद्य बस्तु नियमित उपलब्ध छ।

समुह A र B मा पर्ने जम्मा २४ गाविसहरु (३० गाविस मध्ये) भने न्यूनतम खाद्य असुरक्षित अवस्थामा रहेका छन (चरण १)। यस्का मुख्य कारणहरुमा बर्षे बाली धान, मकै र कोदोको सामान्य उत्पादन हुनु, यसका साथै नियमित रुपमा खाद्यान्नको आपुर्ति हुनु र बजार तथा यातायात सुचारु रहनु नै हो। स्थानिय बजारमा करिब ८०० देखी १,००० मे. टन खाद्यान्न मौजाद रहेकोछ। नेपाल खाद्य संस्थानले सहुलियत दरमा ३१० मे. टन चामल बिक्रिबितरण गरेकोछ र अहिले पनि विभिन्न डिपोहरुमा ४०० देखी ५०० मे. टन सम्म चामल जगेडा रहेको अवस्था छ।

समुह A र B मा करिब १,८०० घरधुरीहरुले मौसमी खेतीपातीको काम, निजी घर निर्माण, केहि विकासका कामहरु र कर्णाली राजमार्गमा पनि रोजगारीका अवसर पाएका छन्। यसका अलवा समुह A र B मा पर्ने घरधुरीहरुले कृषि उत्पादनको बेचबिखनबाट राम्रो आम्दानी गरेकाछन् (प्राङ्गगारिक स्याउवाट रु १८ लाख, सिमि, आलु तथा तरकारीबाट रु १ करोड ८० लाख)। यसै गरी समुह B मा रहेका घरधुरीहरुले दुध तथा साना पशुहरुको बिक्रिबाट रु १ करोड ६० लाख कमाएका छन। समग्र जिल्लाले नै विभिन्न गैरकाष्ठ वन पैदावर (सतुवा जरा, यार्सागुम्वा र गुच्चि च्याउ) को बिक्रि बितरणबाट रु ३ करोड ६० लाख आम्दानी गरेकोछ।

बैंक तथा विभिन्न वित्तिय संस्थाहरुले दिएको जानकारी अनुसार जिल्लामा करिब रु ३ करोड विप्रेषण भित्रिएको छ। यस मध्ये करिब ७० प्रतिशत जति रकम भने समुह A तथा समुह B मा परेका गाविसहरुमा गएको जानकारी छ।

जिल्लामा खाद्य बस्तुको बजार भाउ समग्रमा ५ देखी १० प्रतिशत सम्म बृद्धि भएको छ।

### खाद्य सुरक्षा पूर्वानुमान: मंसिर-फागुण २०७० (मध्य नोभेम्बर २०१३-मध्य मार्च २०१४)

सबै समुहहरुका गाविसहरुमा खाद्य सुरक्षाको अवस्था आगामी अवधिमा पनि उस्तै रहने पुर्वानुमान छ। समुह C मा पर्ने गाविसहरुमा विप्रेषणको प्रवाह हुने देखिन्छ,; घरधुरीहरुले स्याउका बेर्ना विक्रिबितरण गर्नेछन्, र यी गाविसहरुमा ग्रामिण सामुदायिक विकास कार्यक्रम समेत संचालन हुने अपेक्षा गरिएको छ। कुनै उल्लेख्य प्राकृतिक प्रकोप हुने संभावना कम रहेको हुँदा यी गाविसहरुमा खाद्य सुरक्षा अवस्था अरु विग्रेला भन्ने छैन।

समुह A र B मा पर्ने गाविसहरुका घरधुरीहरुले आधारभुत खाद्य आवश्यकता आफ्नो खाद्य संचिति र विभिन्न आय स्रोतका माध्यमले प्राप्त गर्न सक्षम रहनेछन्। सक्षम हुनेछन। सुचारु रुपले बजारहरु चल्ने र नियमित रुपमा कर्णाली राजमार्ग सञ्चालनमा रहने अपेक्षा अनुसार बजारहरुमा आर्को अवधिसम्मका लागि खाद्यान्नको सञ्चय राम्रो रहने देखिन्छ। नेपाल सरकार र अन्य विकास साझेदार संस्थाहरुको बिकास निर्माण सम्बन्धी कामहरुले रोजगारीका अवसरहरु समेत श्रृजना गर्ने अनुमान गरिएको छ।

## चरण बर्गिकरण

■ पहिलो चरण. न्यूनतम् खाद्य असुरक्षित- जीविकोपार्जनका पद्दतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैर खाद्य आवश्यकताहरु पुरा गरिरहेको (धानि रहेको) अवस्था। यी घरधुरीहरु आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरु झेल्न सक्ने अवस्थामा हुन्छन्।

■ दोस्रो चरण. मध्यमस्तिरीय खाद्य असुरक्षित (वा अभावको अवस्था)- घरधुरीहरुले परम्परागत निर्वाह पद्दति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्ने अवस्था, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरुले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्दतिहरु नअपनाइ उक्त आवश्यकता पूरा गर्न सक्दैनन्।

■ तेस्रो चरण. उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था): घरधुरीहरुमा साविकको तीव्र कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोग अभावको अवस्था; जीविकोपार्जनका साधनहरु द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनत्तम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था जसले गर्दा घरधुरीहरुलाई झनै बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ।

■ चौथो चरण. गम्भिर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था):- घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरु परिपूर्ति गर्न नसक्ने अवस्था। यस अवस्थाले अति उच्च स्तरको तीव्र कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रुग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउदछ। यस अवस्थामा द्वन्दका कारण उच्च स्तरको हिंसा र हिँडडुलमा प्रतिबन्दको सम्भावना हुन्छ। तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था।

■ पाचौ चरण.मानव आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था):- सो क्षेत्रका प्राय सम्पूर्ण घरधुरीहरुमा खाद्यन्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावको अवस्था जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र मानव जीवनको क्षती प्रष्ट देखिन्छ। सम्पूर्ण घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको तीव्र अभावको चुनौतीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरुको विनास र सेवाहरु अवरुद्ध भएको अवस्था। तत्काल मानवीय सहयोगको आवश्यकता।

**पूर्वानुमान:** ▲ सुधार हुने, ▶ यथावत रहने, ▼ बिग्रने

जिल्ला खाद्य सुरक्षा संजालमा आवध्द सदस्य संस्थाहरु: सरकारी कार्यालयहरु: जिल्ला प्रशासन कार्यालय, जिविस, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, नेपाल खाद्य संस्थान, उद्योग वाणिज्य संघ, अ.गैस.सं.: World Vision, FECOFUN, KASDA, BEE Group, LI-BIRD, PACE Nepal, Sundar Nepal, 4S, CEAD, Sangi-La Association, SEDA Nepal, and WFP (बैठकमा भाग लिएका संस्थाहरु: सबै सदस्य संस्थाहरु बैठकमा सहभागी भएका थिए).

यस जिला खाद्य सुरक्षा बुलेटिन लगायत खाद्य सुरक्षा सम्बन्धि अन्य जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली ९ल्भप्वक्ए० को निम्न गुगल वेभ साइट विद्युतीय ठेगानामा हेर्न सकिनेछ;

https://sites.google.com/site/nefoodsec/

This product is funded by the European Union
The views expressed in this publication do not necessarily reflect the views of the European Union.